# सखुवा प्रसौनी गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड १ संख्या ३ मिति : २०७८।१०।२७

भाग-२

## सखुवा प्रसौनी गाउँपालिका


# सखुवाप्रसौनी गाउँपालिकाको एक घर एक ग्याँस सिलिन्डर र ग्याँस चुल्हो वितरण सम्बन्धी कार्यविधि, २०७८

**प्रमाणिकरण मिति :२०७८।१०।२७**

प्रस्तावना :

सखुवा प्रसौनी गाउँपालिकाको सातौँ गाउँसभाको मिति २०७८ साल साउनमा भएको निर्णयको **एक घर एक ग्याँस सिलिन्डर र ग्याँस चुल्हो वितरण** गर्ने निर्णयानुसार सखुवाप्रसौनी गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने नेपाली नागरिक महिलाहरुको स्वास्थ्य स्थितिमा सुधार ल्याउन, महिलाहरुको घरायसी कार्यबोझ कम गरी अर्थोपार्जनका क्रियाकलापमा प्रेरित गर्न र विशेष गरी महिलाहरुको इन्धनमाथि रहेको जङ्गल, गुइँठा, काठदाउराको परनिर्भरता घटाउन र खाना पकाउने प्रयोजनका लागि प्रयोग गरिने इन्धनको सुनिश्चितता गरी धुँवारहित गाउँपालिका स्थापित गर्न नेपालको संविधानको अनुसूची - ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ अनुसार गाउँपालिकालाई आवश्यक पर्ने स्थानीय कानुन बनाउन सक्ने कानुनी व्यवस्था गरेकोले सोही अधिकार प्रयोग गरी सखुवा प्रसौनी गाउँपालिकाको **एक घर एक ग्याँस सिलिन्डर र ग्याँस चुल्हो वितरण**कार्यक्रम अन्तर्गत एक घर एक **ग्याँस सिलिन्डर र ग्याँस चुल्हो वितरण सम्बन्धी कार्यविधि** तर्जुमा गरीगाउँ कार्यपालिकाबाट मिति २०७८।१०।१६ मा स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "**सखवा प्रसौनी गाउँपालिकाको एक घर एक ग्याँस सिलिन्डर र ग्याँस चुल्हो वितरण सम्बन्धी कार्यविधि, २०७८**" रहेको छ ।

२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "अध्यक्ष" भन्नाले सखुवा प्रसौनी गाउँकार्यपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ख) "उपाध्यक्ष" भन्नाले सखुवा प्रसौनी गाउँकार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नालेसखुवा प्रसौनी गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले सखुवा प्रसौनी गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "वडा अध्यक्ष" भन्नाले सखुवा प्रसौनी गाउँकार्यपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

च) "वडा समिति" भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

छ) "सदस्य" भन्नाले सखुवा प्रसौनी गाउँकार्यपालिकाको सदस्य तथा वडा सदस्यलाई सम्झनु पर्दछ ।

ज) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्दछ ।

झ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ञ) "सभा" भन्नाले सखुवा प्रसौनी गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ट) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम गठित समितिको संयोजकलाई सम्झनु पर्दछ ।

ठ) "स्थानीय तह" भन्नालेसखुवा प्रसौनी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ड) "लाभग्राही" भन्नाले प्रसौनी गाउँपालिका क्षेत्रभित्र कच्ची घरमा बसोबास गर्ने दफा ४ (१) बमोजिमको लाभग्राहीलाई सम्झनु पर्दछ ।

ढ) "कच्ची घर" भन्नाले फुस, खपडा, खर, छवाली, झिँगटी तथा जस्तापाताले छाएको घर अर्थात् इटा ब्लक बाहेकको गारो लगाएको, सिमेन्ट प्लास्टर नगरिएको, पक्की ढलान नभएको घरलाई सम्झनु पर्दछ ।

ण) "उपसमिति" भन्नाले गाउँकार्यपालिकाले छनौट गरे बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

त) "जिन्सी शाखा" भन्नाले गाउँकार्यपालिकाको जिन्सी शाखालाई सम्झनु पर्दछ ।

थ) "आर्थिक प्रशासन" भन्नाले गाउँकार्यपालिकाले लेखा राख्ने आर्थिक प्रशासन शाखालाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

### ग्याँस सिलिन्डर र ग्याँस चुल्हो व्यवस्थापन सम्बन्धी प्रक्रिया

**३. लाभग्राही घरपरिवार छनौट प्रक्रिया :**

(१) वडास्तरीय कार्यक्रमको हकमा यस प्रसौनी गाउँपालिकामा स्थायी बसोबास गर्ने लाभग्राही घर परिवारको तथ्याङ्क वडाकार्यालय मार्फत अनुसूची - १ बमोजिमको ढाँचामा सङ्कलन गरी गराई वडा समितिको निर्णयको प्रतिलिपि र नागरिकता प्रमाण पत्रको प्रतिलिपि सहित अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरी गराई वडा अध्यक्षले गाउँपालिकाको अध्यक्षज्यू मार्फत गाउँकार्यपालिकाको बैठक समक्ष पेश गर्नु पर्नेछ ।

(२) गाउँपालिकास्तरीय कार्यक्रमको हकमा यस गाउँपालिकामा स्थायी बसोबास गर्ने लाभग्राही घर परिवारको तथ्याङ्कगाउँकार्यपालिकाले तोकेको पदाधिकारी संयोजक रहेको उपसमितिले गाउँकार्यपालिकाको कार्यालय मार्फत अनुसूची-१(क) बमोजिमको ढाँचामा सङ्कलन गरी गराई

गाउँपालिकाको अध्यक्षज्यू मार्फत अनुसूची-२(क) बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको बैठक समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपसमितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**४. लाभग्राही घर परिवार छनौटको आधार :**

(१) यस गाउँपालिकाका परिवारको कुनै पनि सदस्य सरकारी र अर्ध सरकारी जागिर वा रोजगारीमा नभएको, यसभन्दा पहिले त्यस किसिमको ग्याँस सिलिन्डर र ग्याँस चुल्हो सरकारी तथा गैरसरकारी संघ संस्थाबाट निःशुल्क प्राप्त नगरेको, घरमा खाना पकाउने इन्धन प्रयोजनका लागि गोबर ग्याँस प्लान्ट जडान नगरेको, घरमा खाना पकाउने इन्धन प्रयोजनका लागि विशुद्ध वनपैदावरजन्य काठदाउरा, झिँटीझ्याम्टा, गुइँठामा निर्भर रहेको स्थायी बासिन्दा नेपाली नागरिकलाई तपसिलको प्राथमिकता क्रमका आधारमा

(क) कच्ची घर

(ख) विपन्न

(ग) दलित

(घ) विधवा

(ङ) एकल महिला

(च) पिछडा वर्ग

गरी एक घर एक ग्याँस सिलिन्डर र ग्याँस चुल्हो प्रत्येक घरमा क्रमशः वितरण गरिनेछ ।

**५. लाभग्राही घरपरिवार छनौटसम्बन्धी व्यवस्था :**

(१) दफा ३ बमाजिम वडा समितिको सिफारिस भई आएका अनुसूची-१ र अनुसूची-२ तथाउपसमितिबाट सिफारिस भई आएका अनुसूची-१(क) र अनुसूची-२(क) बमोजिमको लाभग्राहीघरपरिवारमध्येबाट अन्तिम लाभग्राही घरपरिवार गाउँकार्यपालिकाबाट छनौट गरे बमोजिम हुनेछ ।

(२) छनौट भई आएका अन्तिम लाभग्राहीहरुको नामावली अनुसूची-३ बमोजिमको ढाँचामा गाउँपालिकाका अध्यक्षले स्वीकृत गरेपछि आवश्यक कार्यार्थ जिन्सी शाखामा पठाइनेछ ।

**६. जनशक्ति सम्बन्धी व्यवस्था :**

(१) लाभग्राही घर परिवारको तथ्याङ्क सङ्कलन गर्ने कार्यका लागि जनशक्ति नपुग भएमा यसै कार्यक्रमको रकमबाट खर्च व्यहोरिने गरी जिल्ला दररेटका आधारमा दैनिक ज्यालादारीमा बाह्य थप जनशक्ति माग गरी हाजिरी प्रमाणित गराई सेवा सुविधा उपलब्ध गराइनेछ ।

**७. वितरण सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाका अध्यक्षज्यूबाट जारी गरिएको कुपन र नागरिकता प्रमाण पत्रको सक्कल सहित स्वीकृत लाभग्राही स्वयम्को उपस्थितिमा ग्याँस सिलिन्डर र ग्याँस चुल्हो बुझेको भरपाइमा ल्याप्चे

लगाउन लगाई गाउँकार्यपालिकाले छनौट गरेको लाभग्राही रुजु गरी जिन्सी शाखाबाट वितरण गरिनेछ ।

(२) एक घर परिवारलाई एक ग्याँस सिलिन्डर र एक ग्याँस चुल्हो भन्दा बढी दोहोरो वितरण गर्न पाइने छैन ।

(३) जिन्सी शाखालेअनुसूची-४ बमोजिमको ढाँचामा भरपाइ तयार गरी गराई आर्थिक प्रशासन शाखामा पेश गर्नु गराउनु पर्नेछ ।

**८. खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्था :**

(१) लाभग्राही घर परिवारलाई वितरण गरिने ग्याँस सिलिन्डर र ग्याँस चुल्हो खरिद सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन तथा नियमावली (संशोधन सहित) बमोजिम गरिनेछ ।

(२) उपदफा १ बमोजिम खरिद गरिएको ग्याँस सिलिन्डर तथा ग्याँस चुल्होको खरिद बिल प्राप्त भएपछि नियमानुसार भुक्तानी गरिनेछ ।

## परिच्छेद - ३

## विविध

**९. दण्ड जरिवाना :**

(१) भुटा विवरण भरी नक्कली लाभग्राहीको रुपमा कोही कसैले सेवा सुविधा लिएको प्रमाणित भएमा वितरित सामान जफत गरी भुठा विवरण सम्बन्धी र सरकारी सम्पतिको अपचलन र दुरुपयोग सम्बन्धी कसुरमा प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ ।

(२) वितरण गरिएको ग्याँस सिलिन्डर र ग्याँस चुल्हो कोही कसैले अन्य कुरामा वा प्रयोजनमा उपयोग गरेको पाइएमा निजलाई उक्त सामग्री बराबरको दण्ड जरिवाना गरी निजलाई गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधाबाट बञ्चित गरिनेछ ।

**१०. बाधा अड्काउ फुकाउने :**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**११. परिमार्जन, संशोधन तथा खारेजी :**

(१) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन, संशोधन तथा खारेजी गर्न सक्नेछ ।

# अनुसूची - १

(दफा ३ को उपदफा (१)सँग सम्बन्धित)

मिति : २०/ /

श्री वडा अध्यक्षज्यू,
सखुवाप्रसौनी गाउँपालिका ………… वडा कार्यालय, पर्सा ।

**विषय : ग्याँस सिलिण्डर र ग्याँस चुल्हो उपलब्ध गराई पाऊँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ वडा कार्यालय/गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम म र मेरो घरपरिवार तोकिएको लक्षित वर्ग**[**(क) **कच्ची घर भएको** (ख) **विपन्न** (ग) **दलित** (घ) **विधवा** (ङ) **एकल महिला** (च) **पिछडा वर्ग ]**भित्र पर्ने भएकोले ग्याँस सिलिण्डर सहित चुल्हो सुविधा प्राप्त गर्नका लागि म योग्य भएकोले यो निवेदन पेश गरेको छु । मेरो घर परिवारको विस्तृत विवरण निम्न बमोजिम रहेको छः-

**तपसिल :**

(क) **घरमूलीको नाम, थर :** …………………………………………………

(ख) **पारिवारिक विवरण :**

| नाम, थर : | नाता |
|---|---|
| (१)…………………………………………………… | …….. |
| (२)…………………………………………………… | …….. |
| (३)…………………………………………………… | …….. |
| (४)…………………………………………………… | …….. |
| (५)…………………………………………………… | ……… |

**जम्मा परिवार संख्या :** ………….

(ग) **घरको अवस्था :**
१. पक्की (क) १ तले (ख) २ तलाभन्दा माथि २. कच्ची ३. टहरा ४. घरबास नभएको ५. अन्य

(घ) **आम्दानीको श्रोत :**

१.कृषि : (क) ५ कठ्ठाभन्दा कम (ख) ५ कठ्ठाभन्दा बढी २. नोकरी (क) सरकारी (ख) अर्धसरकारी

३. उद्योगधन्दा (व्यापार) ४.ज्याला/मजदुरी ५. अन्य

(ङ) **खाना पकाउन प्रयोगगर्ने गरेको इन्धन :**
क) काठदाउरा ख) गोबरगुँइठा ग) गोबर ग्याँस घ) ग्याँस सिलिण्डर ङ) अन्य

**च)** माथि मैले लेखाएको विवरण ठिक साँचो हो । यसभन्दा पहिले म र मेरो परिवारले ग्याँस सिलिन्डर र चुल्हो गाउँपालिका वा वडा कार्यालयबाट लिएको छैन । फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**संलग्न कागजातहरु :**
क) नेपाली नागरिकताको प्रतिलिपि
ख) अन्य कागजात

**निवेदक**
**नाम थर :**
**हस्ताक्षर :**
**ठेगाना :**

| दायाँ | बायाँ |
|---|---|
| | |

माथि लेखिएको व्यहोरा ठीक साँचो हो । निवेदक लाभग्राहीले यसभन्दा पहिले ग्याँस सिलिन्डर र ग्याँस चुल्हो नलिएको व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्दछु ।

हस्ताक्षर : ………………… (कार्यालयको छाप)

नाम :

पद : वडा अध्यक्ष

# अनुसूची - १ (क)

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

मिति : २०    /  /

श्री छनौट उपसमिति,
सखुवाप्रसौनी गाउँपालिका, पर्सा ।

**विषय : ग्याँस सिलिण्डर र ग्याँस चुल्हो उपलब्ध गराई पाऊँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ वडा कार्यालय/गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम म र मेरो घरपरिवार तोकिएको लक्षित वर्ग**[(क) कच्ची घर भएको (ख) विपन्न (ग) दलित (घ) विधवा (ङ) एकल महिला (च) पिछडा वर्ग ]**भित्र पर्ने भएकोले ग्याँस सिलिण्डर सहित चुल्हो सुविधा प्राप्त गर्नका लागि म योग्य भएकोले यो निवेदन पेश गरेको छु । मेरो घर परिवारको विस्तृत विवरण निम्न बमोजिम रहेको छः-

तपसिल :

**(क) घरमूलीको नाम, थर :** ..........................................................

**(ख) पारिवारिक विवरण :**

| नाम, थर : | नाता |
|---|---|
| (१) .......................................................... | ........ |
| (२) .......................................................... | ........ |
| (३) .......................................................... | ........ |
| (४) .......................................................... | ........ |
| (५) .......................................................... | ......... |

**जम्मा परिवार संख्या :** ..............

**(ग) घरको अवस्था :**

१. पक्की (क) १तले (ख) २ तलाभन्दा माथि  २. कच्ची  ३. टहरा ४. घरबास नभएको  ५. अन्य

**(घ) आम्दानीको श्रोत :**

१.कृषि : (क) ५ कठ्ठाभन्दा कम (ख) ५ कठ्ठाभन्दा बढी  २. नोकरी (क) सरकारी (ख) अर्धसरकारी

३. उद्योगधन्दा (व्यापार)  ४.ज्याला/मजदुरी  ५. अन्य

**(ङ) खाना पकाउन प्रयोग गर्ने गरेको इन्धन :**
क) काठदाउरा  ख) गोबरगुँइठा  ग) गोबर ग्याँस  घ) ग्याँस सिलिण्डर  ङ) अन्य

**च)** माथि मैले लेखाएको विवरण ठिक साँचो हो । यसभन्दा पहिले म र मेरो परिवारले ग्याँस सिलिन्डर र चुल्हो गाउँपालिका वा वडा कार्यालयबाट लिएको छैन । फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

**संलग्न कागजातहरु :**
क) नेपाली नागरिकताको प्रतिलिपि
ख) अन्य कागजात

**निवेदक**
**नाम थर :**
**हस्ताक्षर :**
**ठेगाना :**

| दायाँ | बायाँ |
|---|---|
| | |

माथि लेखिएको व्यहोरा ठीक साँचो हो । निवेदक लाभग्राहीले यसभन्दा पहिले ग्याँस सिलिन्डर र ग्याँस चुल्हो नलिएको व्यहोरा ठिक साँचो हो भनी प्रमाणित गर्दछु ।

........................
उपसमिति संयोजक

## अनुसूची - २

(दफा ३को उपदफा (१)सँग सम्बन्धित)

मिति : २० / /

### <u>वडा समितिबाट छनौट भएका लाभग्राही घर परिवारको विवरण</u>

| सि.नं. | लाभग्राहीको नाम/थर | ठेगाना | ना.प्र.प.नं. | कच्ची घर | विपन्न | दलित | विधवा | एकल महिला | जागिर भए/नभएको | खाना पकाउन प्रयोग गर्ने इन्धन/स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| .............. | .............. | .............. | ............... | .............. |
| वडा सदस्य | वडा सदस्य | वडा सदस्य | वडा सदस्य | वडा अध्यक्ष |

## अनुसूची - २ (क)

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

मिति : २० / /

### उपसमितिबाट छनौट भएका लाभग्राही घर परिवारको विवरण

| सि.नं. | लाभग्राहीको नाम/थर | ठेगाना | ना.प्र.प.नं. | कच्ची घर | विपन्न | दलित | विधवा | एकल महिला | जागिर भए/नभएको | खाना पकाउन प्रयोग गर्ने इन्धन/स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| ..................... | ................... | ..................... | ..................... | ........................ |
|---|---|---|---|---|
| उपसमिति सदस्य | उपसमिति सदस्य | उपसमिति सदस्य | उपसमिति सदस्य | उपसमिति संयोजक |

# अनुसूची - ३

(दफा ५को उपदफा (२) सँग सम्बन्धित)

मिति : २०  /  /

## गाउँपालिकाका अध्यक्षबाट स्वीकृत अन्तिम लाभग्राही घर परिवारको विवरण

| सि.नं. | लाभग्राहीको<br>नाम/थर | ठेगाना | ना.प्र.प.नं. | कच्ची<br>घर | विपन्न | दलित | विधवा | एकल<br>महिला | जागिर<br>भए/नभएको | खाना<br>पकाउन<br>प्रयोग गर्ने<br>इन्धन/स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

स्वीकृत गर्ने :

नाम थर :

पद : गाउँपालिका अध्यक्ष

हस्ताक्षर :

## अनुसूची - ४

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

मिति : २०   /  /

## ग्याँस सिलिण्डर तथा ग्याँस चुल्हो सेट वितरण भरपाई

| सि.नं. | लाभग्राहीको नाम/थर | ठेगाना | ग्याँस सिलिण्डर तथा चुलो सेट-१ थान | बुझिलिनेको सहीछाप | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |